# यस्तो मोडमा

(कवितासङ्ग्रह)

प्रकाश श्रेष्ठ

**शब्दयात्रा प्रकाशन**
अक्षरधाम, शब्दसाधक तीर्थ
बनेपा – ६, काभ्रेपलाञ्चोक
(प्रकाशनपुष्प : २६७)

यो सङ्ग्रह
www.sypublication.com.np\prakashshrestha
मा पनि पढ्न सक्नुहुनेछ ।

संस्करण : प्रथम
प्रकाशनप्रति : ५००
सर्वाधिकार : लेखकमा
अक्षराङ्कन : सङ्गीता केसी
साजसज्जा : गीता अधिकारी
आवरण : इ. रोशन अधिकारी
प्रकाशनकाल : २४ फागुन २०८२
मुद्रक : सर्वश्री क्वालिटी प्रिन्टर्स, बनेपा
मूल्य : रु. १५०।-

ISBN: 9789937995122

**Yasto Modama**
(Poem Collection)
By Prakash Shrestha

## समर्पण

यस सङ्ग्रहका हरेक पाठकलाई !

# प्रकाशकीय

कवि प्रकाश श्रेष्ठको कवितासङ्ग्रह 'यस्तो मोडमा' का लागि 'प्रकाशकीय' लेख्न लाग्दा म २०३८-३९ सालतिर पुगेँ । लोकसेवा आयोगको परीक्षा उत्तीर्ण गरेर त्यस बेला म काठमाडौँ जिल्ला अदालतमा डिट्ठा पदको जागिरे बनेको थिएँ । प्रकाश श्रेष्ठ नायब सुब्बा हुनुहुन्थ्यो । नायब सुब्बा (ना. सु.) पद 'डिट्ठा' (खरिदारसरह) भन्दा एक तहमाथिको थियो । त्यसैले प्रकाश श्रेष्ठ मेरा हाकिम हुनुहुन्थ्यो । तर उहाँसँगको मेरो सम्बन्ध हाकिमको जस्तो थिएन, निकट मित्रको जस्तो थियो । त्यस बेला उहाँ 'प्रकाश आश्रित' नाउँबाट कविताहरू लेख्नुहुन्थ्यो । उहाँका कविताहरू मैले पनि पत्रिकामा छपाएको थिएँ । हामी साहित्यिक वार्तालाप गर्थ्यौँ । सँगै कार्यक्रमहरूमा जान्थ्यौँ ।

मैले 'फोरिएको पर्खाल' कथासङ्ग्रह प्रकाशन गरेँ । राजतन्त्र र पञ्चायतका विरुद्ध लेखिएका कथाहरू त्यस सङ्ग्रहमा भएकाले त्यस बेलाको व्यवस्थामा मैले सरकारी जागिरबाट बिदा पाउनु स्वाभाविकै थियो, त्यसैले म बिदा भएँ । प्रकाश श्रेष्ठचाहिँ न्यायसेवामै रहनुभयो । न्यायाधीश बनेर धेरै वर्ष बिताएपछि उमेरका कारणले उहाँ निवृत्त हुनुभयो । जीवन निर्वाहका क्रममा मैले आफूलाई पहिले पत्रकारितामा र पछि साहित्यमा घिसारेँ । काठमाडौँ विश्वविद्यालयसँग जोडिएँ । शब्दयात्रा प्रकाशनको स्थापना गरिएपछि धेरै समय यही संस्थालाई दिएँ, अझै दिइरहेको छु ।

एक दिन प्रकाश श्रेष्ठले फेसबुकमा मलाई देख्नुभएछ । अनि हामी जोडियौँ र कुराकानी गर्‍यौँ । त्यति बेलै हामीले भेट्न खोजेका थियौँ, तर पारिवारिक भेटघाटका लागि उहाँले देशबाहिर जानुपरेकाले भेट्न सम्भव भएन । विदेशबाट उहाँ फर्किनुभएपछि मैले उहाँलाई शब्दयात्रा प्रकाशनमा स्वागत गर्ने सौभाग्य पाएँ । त्यसै दिन 'यस्तो मोडमा' को पाण्डुलिपि मेरो हातमा पर्‍यो । यो सङ्ग्रह त्यसैको परिणति बनेर आएको छ । तर यसमा 'आश्रित' हटेको छ र 'प्रकाश श्रेष्ठ' नै रहेको छ ।

'यस्तो मोडमा' प्रकाश श्रेष्ठको पहिलो कवितासङ्ग्रह हो । यस सङ्ग्रहमा उहाँका गद्यकविताहरू सङ्कलित छन् । उहाँका सयौँ सङ्ख्याका फुटकर कविताहरूमध्ये छानिएका एकचालीसवटा कविताहरू मात्र यसमा राखिएका छन् । तीमध्ये पनि केही त छोटा-छोटा अथवा मुक्तकजस्ता छन् । लामो कविता चार पृष्ठको छ । यसभित्रका सबै कविताहरूले युग बोलेका छन्, नेपालको अवस्था बोलेका छन्, जनताको आवाज बोलेका छन्, विसङ्गतिले थिलथिलो बनाएको समाज बोलेका छन्, घात र अविश्वास बोलेका छन् अनि अन्याय र विरोधाभास बोलेका छन् ।

पहिलो कवितासङ्ग्रह नै यति सुन्दर छ भने माझिएको अर्को सङ्ग्रह कस्तो होला भन्ने कौतूहलले पाठकलाई कुतकुत्याउँछ ।

आफ्नो पुरानो मित्रतालाई स्मरण र नवीकरण गर्न पाएकोमा म अत्यन्त हर्षित छु । त्यसमा पनि यस सङ्ग्रहको प्रकाशनका लागि शब्दयात्रा प्रकाशनले उहाँबाट अनुमति पाएकोमा आभारी छु । अक्षराङ्कन, भाषिक शुद्धीकरण, साजसज्जा, आवरण, मुद्रण आदिका लागि जस-जसबाट सहयोग प्राप्त भएको छ, सबैमा धन्यवाद ज्ञापन गर्दछु ।

कवि प्रकाश श्रेष्ठको कवितात्मक श्रेष्ठ प्रकाशले नेपाली कविता साहित्य सधैँ प्रकाशित भइरहेर श्रेष्ठ स्थानमा टिकिरहन सकोस् ।

**– हरि मञ्जुश्री**
संस्थापक अध्यक्ष
शब्दयात्रा प्रकाशन

# कविताक्रम

१. अभिशप्त सुन्दरी : १
२. म देशलाई हेरिरहेछु : ३
३. सिमलको फूल र कपास : ७
४. मान्छेको शरीर : १०
५. म बिक्रीमा छु : ११
६. मान्छे : १३
७. फेरियो युग शहीदको बलिदानले : १६
८. युग बोल्छ कि ? किन ? : १८
९. सूर्योदयको उपहार तिमीलाई : १९
१०. तिम्रो अनुपस्थितिमा : २०
११. बुकी फूल : २२
१२. बेरोजगार फुर्सदहरू : २४
१३. कालो वर्षा : २६
१४. म किनारामा अवस्थित छु : २८
१५. सडकमा : ३०
१६. आमाका आँखा फूलका आँसुहरू : ३१
१७. मेरो गाउँ : ३५
१८. मन जलेको बेला : ३६

१९. धमिरा : ३८
२०. शहरको आर्तनाद : ४०
२१. माकुरा : ४२
२२. मैले साँचिराखेको धर्ती : ४४
२३. श्रीअन्तु डाँडा : तिमीलाई हेर्छु : ४७
२४. जिजीविषा : ४९
२५. सन्त्रासमा बाँचेको जिन्दगी : ५०
२६. आकृति बन्दै बिलाउँदै : ५२
२७. काल : ५३
२८. जाल : ५३
२९. मन, हिउँ र पानी : ५४
३०. मभित्र / मबाहिरका कथाहरू : ५६
३१. पारदर्शिता : ५७
३२. मनको कुवामा : ५९
३३. आगो, सेतो पुतली र मान्छे : ६१
३४. एउटा निरक्षर गाउँमा : ६३
३५. मियो : ६५
३६. विचार विचारहरूका बीचमा : ६७
३७. आवाज र चराहरू : ६९
३८. पहाडमा ओभ्रेल परेपछि : ७२
३९. बालुवाको देशमा : ७४
४०. भूतहरूको बस्तीमा : ७६
४१. यस्तो मोडमा : ७८

यस्तो मोडमा (कवितासङ्ग्रह)

प्रकाश श्रेष्ठ

# अभिशप्त सुन्दरी

उसलाई टाउको उठाउने फुर्सद छैन
हिँड्ने रहर सोच्नमा फुर्सद छैन
आँखाहरू प्रतिरोध गर्दागर्दै
समयले फुर्सद दिन सकेको छैन
अनगन्ती फाटेका लुगाहरू
टालेका मनहरू
दैनिक दाल-चामल जुटाउनमा
सडक व्यस्तताको विभाजनमा
ऊ स्वयम् विभाजित सडक

कसैलाई छिनभर बस्ने चौतारी
निर्मित हुन रत्तिभर फुर्सद छैन
समयले टाउको उठाउन
आँखाका गाजलहरूमा लटपटिएर
कतै माकुराको जालमा त परेन ?
यी मान्छे / यो भीड
खै ! विश्वास त बालुवाको घर भइरहेछ
घरभित्रको सुन्दर पर्खाइलाई
दूषित वातावरणमा मिसाइरहेछ
सुन्दरताभित्रको कुरूपता
यी मान्छे / यो भीड
खालि अभिशप्त सोचाइका कुराहरू
मात्र मनहरूमा
आफ्नो घर बिर्सिएर
बाहिरी सुन्दरतामा सुन्दरी आँखाहरू
मोहित लजालु भाखाहरू
ऊमाथि आक्रमण गर्दछ
सारा दृष्टि दृष्टान्तहरू
उसलाई फुर्सदको नाम थाहा छैन
दिन छिप्पिएर अनुहारका रेखाहरू
परिस्थिति पाकेर केशहरू
मन कहिल्यै बूढो हुँदैन
अझै उसले कसैको घरको
जग बसाल्नुपर्छ
आफ्नो जीवनको सर्वस्व
कसैलाई उपहारस्वरूप पहिरिदिनुपर्छ
दुलही भएर भित्रिनुपर्छ ।

●

# म देशलाई हेरिरहेछु

प्रतीक्षा प्रतिज्ञाका घडीहरू
सयौँ यात्राहरू पार गरेर
महायुद्ध भोगिरहेछ
म देशलाई हेरिरहेछु
देश भनेको घर हो
जहाँ मान्छे बस्छ
र रित्तिन्छ
खाली रक्सीको बोतलजस्तै
मानचित्र इँटा र ढुङ्गाबाट घेरिएर
अस्तित्वविहीन भएर
नपुंसक धाक लगाई बाँचेको
सानो छाप्रो ओढेर लुकेको मान्छे
म देशलाई हेरिरहेछु

बिहान-बेलुकी निस्केको जमातले
न बिहान न बेलुकीको छाक टार्न
हुरी, बतास र वर्षाहरू बटुलेर
बास बस्न फर्कन सक्यो
त्यो समय यात्रामा बित्यो
यात्रा बोकेका मनहरूलाई
सँगालेर सान्त्वना दिलाउने
कुनै जीवनको अमूल्य वस्तु बनी
न सगरमाथा पग्लन सक्यो
न सगरमाथा जम्न पो सक्यो
खाली फुङ्ग हातहरूमा
भाग्यका सयौँ रेखाहरूलाई
नियाल्दामा नै दिन बित्यो
आउने / जाने जिजीविषाहरू
सङ्कल्पहरू / महत्त्वाकाङ्क्षाहरू
आकाङ्क्षाहरू / जिज्ञासाहरू पनि
कसैका पेट टाल्नलाई नै व्यस्त भए
कस्तो ?
यो समय परिवर्तनशील
पाइलाहरू खिएर पनि
परिपक्वताको अस्तित्व भेट्टाउन सकिएन
यात्रापथहरू पनि योगदान भएछन्
कुनै देशबाट / कुनै राष्ट्रबाट
म आफ्नो देशलाई हेरिरहेछु
खुसियालीपूर्ण मनका पथहरूमा
प्रत्येक चेहरामा आँखाका डुबुल्का
फुङ्ग उडेको आकाशजस्तो
बिजोडी चरीको व्यथाजस्तै
निरुद्देश्य / आधारहीन

बहकिएको मनजस्तै
टाढा रहेको डाँडालाई हेर्छु
न वसन्तले आफ्नो जोसिलो
रसादी पियाएर, जीवन बलिदान दिएर
जिउने रहर बढाइदियो
मान्छे ?
प्रश्न स्वयम् भएर हिँडिरहेछ
मान्छेको प्रश्न ?
मान्छेले के दिन सक्छ र !
सबै प्रश्न त हुन् !
जवाफ अब म कहाँ खोजूँ ?
म देशलाई खोजिरहेछु
म देशलाई हेरिरहेछु
युद्ध सीमाहरू पग्लेर झरिसक्यो
पत्थर पग्लेर पानी भइसक्यो
र पनि यो छातीभित्र
एउटा मन राख्ने ठाउँ
देश खोजिरहेछु
एउटा आकाशगङ्गा उभ्याएर
राम्रो देश बनाउन
असल नारी जन्माइरहेछु
उभ्याइरहेछु
म देशलाई हेरिरहेछु
मानचित्रका चिह्नहरू त
युद्धका किनारा मात्र हुन्
म सिमाना कोरेर देश बनाउँछु
आफ्नै पहाड-पर्वत उभ्याई
र पनि सन्तोष रहेन
यी जिन्दगीका यात्रापथहरूलाई

कुनै बेवारिसे लासजस्तै
अल्झिएका छन् तृष्णाहरू
न मेटाउने झर्नाहरू झरे
न यहाँ मानिसहरू पढेर विद्वत्ताको
तृष्णामा बाँच्न सके
केवल माकुराका सन्तानहरू
आफ्नै आमालाई खाइरहेछन्
केवल माकुराका सन्तानहरू
आफ्नै आमालाई खान खोजिरहेछन्
न कमिलाको ताँतीझैँ
आफ्नो जगेर्ना आफैँ गर्न सके / न बटुल्न सके
घर बनाउनुको साटो
खोतलिरहेछन् / खोतलिरहेछन्
वर्षामा आएको भेलले जस्तै
आफैँलाई बगाइरहेछ
आफैँलाई लगिरहेछ
ठुल्ठूला खाडी र समुद्रमा मिसाई
आफ्नो अस्तित्व गुमाउन
बगिरहेछ / बगिरहेछ
लगिरहेछ / लगिरहेछ
खाली मान्छे / खाली मान्छे
नाङ्गो / भोको
आश्रयहीन / उद्देश्यविहीन
सर्वहारा
रित्तो / यसैभित्र
म देशलाई खोजिरहेछु
म देशलाई हेरिरहेछु ।

●

# सिमलको फूल र कपास

यौवन
फुटेर कोसाबाट
आकाशमा उड्न नपाउँदै समाउँछन्
र थुन्दछन् बोराहरूमा
धुनीहरूले
मेरो आङ जीउभरि
पिटेर नीलडाम सुक्न नपाउँदै
चकटी, डसना, सिरानी, सिरक बनाउँछन्
र ओछ्याउँछन्
आ-आफ्ना निद्रामा
मीठा-मीठा सपनामा सजाउँछन्
र दल्दछन् बेस्सरी
दुई हातले समाएर
अँगालो हालेर
ओठहरूले च्यापेर
निथ्रुक्क नभिजेसम्म
मलाई छोड्दैनन्
जब स्पर्शले भिजेर लट्ठ परेका गिँजाहरूले
मेरा ओठहरूमा
रगत नबगेसम्म
सेता-सेता दाँतहरू गाड्दछन्
र रालहरू झार्दछन्
र लम्पसार पर्दछन्
मेरो स्पर्शको मजा पनि
बिर्सिनसक्नु हुँदो रहेछ
सपना ओकल्ने मान्छेलाई

यसरी रात ओडेर घुर्ने मान्छेलाई
यी मान्छेहरूलाई
बोक्दा-बोक्दा थकित-थकित हुन्छु
विपना सम्भेर नानाथरिका कुरा ओकल्ने
मान्छेको चर्तिकला सुनेर
चकित-चकित हुन्छु
र पनि
उठाउनुपर्छ तल परेर
छोप्नुपर्छ / स्पर्श दिनुपर्छ
मान्छेलाई
खै ?
मान्छेको जातले
जोत्न पायो भने
सास नछाडेसम्म जोत्छ
सोभ्रो र निर्धो पायो भने
चुस्नुसम्म चुस्छ
टोक्न पायो भने
आफ्नो स्वाभिमान पनि टोक्छ
आफ्नो नलिहाड पनि चुस्छ
लाज-सर्म छैन मान्छेलाई
दिउँसै होस् वा रात
ममाथि निर्धक्क बसेर, सुतेर, ओडेर
अधिकार जमाउँछन्
र खान्छन् मलाई देखाउँदै
मेरै स्पर्शका यौवनहरू
मेरो
यौवन फुलेर आकाशमा उडेको
कहिल्यै सकेनन् देख्न
कहिल्यै पनि केहीले पुग्दैन मान्छेलाई

सदावहार मेरो न्यानो स्पर्शको
खोजीमा हिँडिरहन्छन्
र मेरा चाउरिएका छालाहरू
घरमा सुकाई-सुकाई
कुमारीपन खोजिरहन्छन्
जहिले पनि सुखको खोजीमा
असन्तोष भोगिरहन्छन्
मान्छेले
आफ्नै कारणले
दुःखको सिर्जना गरिरहन्छन्
कोही ममाथि बसेर / कहिले सुतेर
आँखा खोलेर निदाउँछ
उसलाई
त्यस रातले पनि पोलेको हुन्छ
मेरो न्यानो स्पर्शले पनि घोचेको हुन्छ
त्यसमा कसको दोष ?
दिनभरि आफूलाई
ज्यालामा बेचेर
फर्केको साँझ पनि
भोलि निस्कने सूर्यको काखमा
मस्त निदाएको हुन्छ
त्यसैले अब
मलाई अँगालो हाली
सन्तोषको काखमा
मीठो सपनामा गाँज्ने
मस्त बिहान नै चाहिन्छ ।

●

# मान्छेको शरीर

मान्छेको शरीर ढुङ्गा भए हुन्थ्यो
न भोक लाग्थ्यो
न रोग लाग्थ्यो
न शोक लाग्थ्यो
मान्छेको शरीर ढुङ्गा भए हुन्थ्यो
प्रतिष्ठापित मूर्ति भएर
मन्दिरमा पुजिन हुन्थ्यो ।

●

# म बिक्रीमा छु

म
प्रदर्शित शरीर
अर्धकट्टी चित्ताजस्तै
प्रत्येक अभिलाषामा
प्रत्येक महत्त्वाकाङ्क्षामा पाक्दै
स्वतन्त्र आकाशमा उड्ने आकाङ्क्षामा
क्रूर हातहरूले पक्रेका
सेता-सेता परेवाहरू – म
बजार/बजारमा
शहर/शहरमा
पिँजडाहरूमा कैद भएर
म बिक्रीमा छु
किनेर कसैले घाँटी दबाए पनि
किनेर कसैले रेटे पनि
किनेर कसैले जिउँदै पोले पनि
मेरो स्वतन्त्रता
मेरो स्वतन्त्रता ।
आज म बिक्रीमा छु
प्रत्येक छाकको आगोको ज्वालासँगै
पेट निचोरेर निस्केको जमातले
आफ्नो स्वतन्त्रता प्रदर्शित गराएर
आफ्नो परिवारको मुख टाल्न
दिनभरिको परिश्रम बिक्री गरेर
भोका पेटहरूलाई
रातभरि आरामसँग सुत्न नदिई
आफू बिक्रीकक्षमा प्रदर्शित छु

नून, तेल, चामलको अभावमा
चुलाहरू मुख बाइरहेर
ट्वालट्वाल्ती आँखा हेर्दै
मलाई पर्खिरहेछन्, पर्खिरहेछन्
भोका आत्माहरू
भोका परिस्थितिहरू
भोका समाजहरू
भोका संस्कारहरू
आज
भोक बिक्रीमा छ / रोग बिक्रीमा छ
ए व्यापारीहरू हो !
सबका आँखाहरूमा पट्टी बाँधेर
मलाई खरीद गर
ए मजदुरहरू हो ! एकछिन काम छोडेर
विश्राम गर्न मलाई हेर
ए लेखकहरू हो !
मलाई हेरेर लेख-लेख
ए कविहरू हो !
मलाई कविता बनाई लेख
ए पत्रकारहरू हो !
मलाई हेर
र सुनौला अक्षरहरूले पत्रिकाको मुखपृष्ठमा लेख
मेरो छातीमाथि कुल्चिएर
हिँड्ने मान्छेहरूका विरुद्धमा
झुल्केका सुनौला किरणहरू
आजको बजारमा
भोकभोकै स्वतन्त्रता बिक्रीमा छ ।

●

# मान्छे

म
विभाजित गोलार्द्धमा पहाड उक्लेर
शिखरको पानी
हिउँ पगालेर
आफूलाई खोजिरहेछु
बासको टुङ्गो नलागेको बेला
खुशी बगेर खसेको पहाडलाई समाउन म
निरन्तर दौडिरहेछु
आफ्नो गाँस-बास खोसिएकोमा
खै, कसलाई गुनासो पोखूँ ?
जीर्ण भइसकेका अवशेषहरू
खिया लागेका मस्तिष्कहरू
हिउँ पग्लेर नाङ्गै भएका छन्
पहाड-पर्वतहरू
उडिरहेछ बाफ आकाशमा विषाक्त
मेरा पुरुषार्थहरू
खै, कति फुलाऊँ कृत्रिम फूलका आकृतिहरू
खोक्रो अस्तित्व ओडेर घुमहरू
मेघ गर्जेको आतङ्कित आकाशमा
विद्रोह छादेका मान्छेहरू
हिल्याइरहेछन् खेतमा रोपाहारहरू
विक्षिप्त मानस अशान्ति जन्मेर
आकाशभरि विरोध सल्केको
आर्तनादभित्र मान्छे
शङ्का-उपशङ्कामा दुर्भाग्य खुशीहरू
विभाजित भएर

पड्कन्छन् मानव ध्वंसका अवशेषहरू
निःशस्त्रीकरणका प्रस्तावहरू निदाएर
रोएका स्याल र फ्याउराहरू
भस्मासुर भइरहेछन् विश्वासका घडाहरू
वीभत्स समाज
प्वाँखहरू गुथ्दै उड्न तयार छन्
घात-प्रतिघात बोकेका व्यथाहरू
समाज
म आगो विद्रोह निलेर
विनाशक हुन चाहन्नँ
म
विकराल धरातलमा उभिएर
हीरा जन्माउने खेतहरूमा
सुन्दर महल उभ्याइरहेछु
कोलाहलभित्र बाँच्नुको अर्थ
खोजिरहेछु
यतिखेर
समुद्रको निर्मल पानी अँजुलीमा लिएर
बालक बिजुली चम्केको समाउन
दौडिरहेको देखिरहेको छु
यतिखेर
आमाको काखमा
मस्त निदाएको बालक
मेघ गर्जंदा जुरुक्क उठेर
चम्केको प्रकाश समाउन
दौडिरहेको देखिरहेको छु
यतिखेर
बालक उदाएको सूर्य हातमा राखेर
निदाएको रातलाई

भालेका डाकहरूमा छाडेर / प्रभातमा चढेर
शान्तिको पानी पिउन
निस्किसकेको देखिरहेको छु
हो
तपस्यामा तल्लीन बकुल्लाहरू
रगताम्य पानीमा चोबलिएर
भङ्ग गर्दैछन् सोचाइहरू
माथि-माथि आकाशमा
बेसारे चरोले चरिरहेका चल्लाहरू
सुटुक्कै बोकेर लान लागिरहेको देखिरहेको छु
अन्योल मनस्थिति
मान्छेको बानी
उकालो चढ्न सक्दो रहेनछ
अपाङ्ग त्यो पानी
कुन छहरामा पुगेर खस्ने हो
कुन समुद्रमा पुगेर मिसिने हो
कुन जमिनमा सोसिनुपर्ने हो
कुन खोबिल्टोमा पुगेर
कुँजिनुपर्ने हो, थाहा छैन
कुन स्वार्थमा विस्फोट हुनुपर्ने हो
आखिर जति शिखरमाथि चढे पनि
ओर्लेर सतहमा
मिल्नुपर्ने वास्तविकतालाई बिर्सिएर
मान्छे आफ्नो छाया समाउन
जहिले पनि दौडिरहन्छ
र दौडिरहन्छन्
उसका असीमित इच्छाहरू ।

●

# फेरियो युग शहीदको बलिदानले

भन्छन् मान्छेहरू
शहीदको बलिदानले
युग फेरियो
खै, चेतना फेरिएन
मात्र लड्न लागेको
युग फेरियो
मान्छे
स्वभाव र प्रकृति फेरिएन
यस अर्थमा
मान्छे
मान्छे-मान्छेबीच
लोग्ने-स्वास्नी
बाबु र छोराबीच
वैमनस्यता / शत्रुतामा विभक्त
एउटा गोलार्द्ध फेरियो
फेरिने क्रममा
संस्कार
वर्तमान
म
भाषण र भीडहरूमा कुटिएँ
गल्ली, चोक र सडकमा लुटिएँ
छिमेकीको आँगनबाट छुट्टिएँ
मित्रबाट अलग्गिएँ
ठूला-ठूला पर्खाल आपसमा लाग्यो
आफ्नो परम्परा र संस्कृतिबाट छुट्टिएँ
असुरक्षा अझ बढ्दै गयो

मैले
सिद्धान्त र व्यवहारको कुरा सुन्दै सुनिनँ
विरोधीको भाषण
प्रजातन्त्रको कुरा सुन्दै सुनिनँ
खै
कस्तो परिवर्तन
कस्तो प्रजातन्त्र
कहाँ आयो
मैले देख्नै सकिनँ
मैले बुझ्नै सकिनँ
वास्तवमा
प्रजातन्त्र शहीदको तातो रगतले
बालक भएर आएको छ
खबरदार !
अनर्थमा त्यस बालकलाई
विस्फोटको ज्वालामा
होम गर्न पाइन्न
राष्ट्रियतालाई
विद्रोहको कलङ्कले
उडाउन पाइन्न
शान्तिका परेवालाई
घाँटी निमोठी
हत्या गर्न पाइन्न
शहीदको बलिदानले
फेरिएको युगलाई
फेरि अन्धकार
कालकोठरीमा बन्द गर्न पाइन्न ।

●

# युग बोल्छ कि ? किन ?

मान्छे-मान्छेको पट्यार जङ्गल
एकमाथि अर्को ढल्छ
किन हो यी आवाजहरू युगबोधक हुन्छन्
युग बोल्छ कि ? किन ?
आँखाहरू सोहोरेर ठक्कर खान्छ
हिंस्रक जन्तुजस्तै आँखा फुकाली-फुकाली
आफूलाई हेर्छ / अरूलाई हेर्छ
पल्याकपुलुक हेर्छ / आँखा चिम्म गर्छ
आकाशमा गड्याङगुडुङ बिजुली चम्कन्छ
मुसलधारे पानी बर्सन्छ र
गुनुनु-गुनुनु आवाज / युगबोधक आवाज
युग बोल्छ कि ? किन ?
रोदन-क्रन्दनको स्वर
मऱ्याकमुरुक शब्द
मान्छे खोके / बोलेको जस्तो शब्द
मान्छे-मान्छेबाट चिप्लिएर आएको शब्द
युगबोधक शब्द
युग बोल्छ कि ? किन ?
मान्छे-मान्छेलाई छिचोली छिरेको प्रकाश
त्यहाँ कुहिएको जिजीविषा दुर्गन्ध लिएर
गुहार-गुहार मागेर नाक-नाक चहार्दै
एक नाकबाट अर्को नाकमा ठक्कर खाएर
निस्केको आवाज / युगबोधक आवाज
युग बोल्छ कि ? किन ?

●

# सूर्योदयको उपहार तिमीलाई

आफ्नै खाली आँखाहरूमा
तिमीलाई एउटा उपहार सजाऊँ भनेर
म तिम्रा लागि फूल भएर फुलिरहेछु
आफ्नै खाली हातहरूमा
तिमीलाई एउटा सिञ्चित आशा दिऊँ भनेर
म तिम्रा लागि हातका रेखाहरू कोरिरहेछु
पाइलाहरूमा उभिने इच्छाहरू
बामे सर्नलाई तड्ग्रिरहेछन्
मन तिमीलाई एउटा मन्दिरमा पुज्नका लागि
सगरमाथा उभ्याइरहेछ
हिमालका आँसुहरू अमृत बनाऊँ भनेर
दुई हात थापिरहेछु
सजीव महत्त्वाकाङ्क्षाहरू
उभ्याएर हिँडिरहेछु
र योजना-योजनाका लामहरू
उभ्याएर हिँडिरहेछु
तिमीलाई आँखामा सजाऊँ भनेर
जिन्दगीका यात्राहरू दौडाइरहेछु
आफ्नै आँखाहरू बालेर
खाली हातहरूमा
नागबेली र लालीगुराँसका स्वागतहरूले
तिमीलाई पर्खिरहेछु
म रित्तो मान्छे
तिमीलाई ज्योतिहरूमा सजाऊँ भनेर
सूर्योदय नै पर्खिरहेछु ।

●

# तिम्रो अनुपस्थितिमा

मेरो छातीबाट गएको पहिरो
लड्दै
आँखाको डिलबाट
फूलका पत्रहरू खसेको
कति हेर्नु मैले
तिम्रो अनुपस्थितिमा !

मेरो मनको गाउँमा
वसन्तले आँखा नखोलेको पनि धेरै भयो
ऋतुहरूले माया नगाँसेको पनि धेरै भयो
केवल रातहरूले सपनामा परेड खेलेर
मेरा गर्भ खोसेर तुहिएको धेरै भयो
कसरी हाँसौँ अब
मेरो ओठबाट मुस्कान झरेको पनि धेरै भयो
तिम्रो अनुपस्थितिमा !

मेरा आँखाहरूले देखेको
तिम्रो तेजिलो चमक खोसिएर
घरका आँगन र डिलबाट
लडेर गएको पनि धेरै भयो
मेरो मनको खेतबारीमा
धानको बाला नझुलेको पनि धेरै भयो
कसरी बिउ लगाऊँ
दिलका गह्रा-गह्रामा
तिम्रो अनुपस्थितिमा !

मेरो दिलको सिरानीमा
तिमी ननिदाएको पनि धेरै भयो
ओस लागेर मक्किन लागेका
लालिमाहरू गालाबाट उडेर
तिमीसँग भागेर गएको पनि धेरै भयो
कसरी समयलाई पक्रेर
अँगालो हालौँ
तिम्रो अनुपस्थितिमा !

सिउँदोमा लालीगुराँस
नफक्रेको पनि धेरै भयो
मेरो मनको गाउँमा होली
नखेलेको पनि धेरै भयो
अब कसरी ऐनामा सजिऊँ
तिम्रो अनुपस्थितिमा !

मेरो छातीको टाट्नोमा
पाठाहरू नचरेको पनि धेरै भयो
मेरो मनको गाउँ
घरबाट भागेर गएको पनि धेरै भयो
खुशीहरू मेरो मनबाट
टाढिएको पनि धेरै भयो
अब कसरी खुशीसाथ
बाँचेको छु भनौँ तिमीलाई
तिम्रो अनुपस्थितिमा !

●

# बुकी फूल

चिसो सिरेटोले तिम्रो गालामा
लाली छोडेर गएको लोभलाग्दो
शरीर देखेर मख्ख पर्दै
उदाएको सूर्यको किरण
तिम्रो सिउँदोभरि चुमेर
साँझपख फर्कने गर्छ
र तिमी दिनभरि
र तिमी रातभरि
फक्रने-फुल्ने गर्छौ
डाँडापाखा र खर्कहरूमा
सेतै कपाल लिएर
ए बुकी फूल !

समयले धेरै महाभारतको युद्ध भोगेर
तर्सिसकेको विनाश
तिमीले पनि महाभारतको थुम्कोमा
बसेर हेरिसकेका छौ
लाली चढेको गालाको मोहमा
कति मानिसले आहुती चढाएको
महाभारतको युद्ध पनि भोगिसकेका छौ
सेतै कपालमा फुल्यौ त
के भयो ?
तिम्रो मोहमा किन मानिस युद्ध गर्न तयार छन् ?
तिम्रो छातीमा टेक्न तयार छन् ?
खुइलिएका पाखा र खर्कमा सजिएर
आकाशलाई पनि चुनौती दिने
तिम्रो विशाल छातीको

प्रशंसा कसरी गरूँ ?
यो धर्तीमा गिद्धे आँखाहरू गाडेर
तिम्रो छातीमाथि वज्रपात गर्ने विरुद्धमा
तिमी पहाड बोकेर सेता दाँतहरू
देखाउँदै लडेको
प्रशंसा कसरी गरूँ ?
देश बोक्ने विशाल तिम्रो विचारमा
म कसरी सहभागी बनौँ
ए बुकी फूल !

मैले जोगाइराखेको मेरो सतीत्व
हिउँभन्दा पनि चोखो छ
कुनै महाभारतको युद्धले
मलाई छुन सक्दैन
मेरो कुनै स्वार्थ लुकेर
मैले कुनै शिखर चढ्नु पनि छैन
कसैलाई पछारेर
अर्को कुनै देशको सिर्जना गर्नु पनि छैन
मेरो भइरहेको सेतै कपाल
मेरा लागि गौरवशाली छ
खुइलिएको खर्क र पाखामा फुल्न पाउनु
मेरा लागि गौरव छ
किन तिमी मेरा विरुद्धमा
महाभारतको युद्ध गर्न सोचिरहन्छौ ?
मबाट तिमी के पाउन खोजिरहेछौ ?
तिमीले मर्दा के लान पाउँछौ भनी
ममाथि गिद्धे आँखा घुमाइरहेछौ ?

●

# बेरोजगार फुर्सदहरू

मान्छेलाई फुर्सदको
समयमा आफ्नो भविष्य खोज्दा
बाटो बिर्सिएर हरायो भने
दोबाटो-चौबाटोमा कुर्लिई-कुर्लिई
आफ्नै विरुद्धमा
नारा लगाउँदै सुनाउने गर्छ
र एकैछिन भए पनि
आफ्नो मन हलुको भएको ठान्छ
हो, आफूभित्र गुम्सिएर रहेका
बेरोजगार चोटहरूलाई बिस्कुन लगाउँदा
घुनले ठाउँ छोड्ने गर्छ
मनले ठूलै भारी बिसाएको महसुस गर्छ
दिनभरि आफ्नो अनुहार चपाएर
विसङ्गतिका भारीहरूले
थिचेका जिन्दगीका उतारचढावहरूलाई
समयको गीत गाउन नसके
बेरोजगार फुर्सदहरू
मेघ, वर्षा र चट्याङमा
वज्रपातमा अनूदित हुने गर्छन्
र सडकहरूमा परेड खेल्न थाल्दछन्
एउटा मान्छेले पाएको जिन्दगीमा
पीडालाई अँगालो हालेर
कति दिन हेपिनुपर्ने हो
ऊ आफैँमा रित्तो शरीर बोकेर
आफ्ना नानीहरूलाई खेलाउन दिन्छ
आफ्नो लङ्गडो शरीर देखेर दिक्क हुन्छ

र जिन्दगीलाई लामो सास तानेर पिउँछ
बेरोजगार नशालु फुर्सदहरू
कोठामा थुनिएर जिन्दगी बिताउनुभन्दा
आफ्नै शरीरलाई
दोकानहरूको ह्याङ्गरमा झुन्ड्याएर
क्रेताहरूको मनमा बसाउन
एकैछिन सुन्दरी मनहरू
सडकबाट मतर्फ आए भने
तिनलाई पनि लिएर
जिन्दगीको लाममा भाषण सुनाउन लाग्छन्
बेरोजगार फुर्सदहरू
जिन्दगीलाई सजिलै पिउन ज्यादै मुस्किल पर्छ
अपराध नगरे पनि सजाय पाएका कैदी
यात्राबाट पछारिएर सधैं भोकै पर्छन्
रगतका लाम्टा नजोडिएका
ऊर्जावान् बेरोजगार फुर्सदहरू
समयलाई काखी च्यापेर मान्छेले
आफ्नो जिन्दगीको खोजीमा
सबै समय बिक्री गरेर
निराश भई फर्केका
बेरोजगार फुर्सदहरू
थकित-थकित भएर भित्रने गर्छन्
र सडक र गल्लीमा
कहिले दिउँसै रङ्गिने गर्छन्
जिन्दगीको खोजीमा
कहाँ गई ठोकिन पुग्ने हो
र कहाँ गई कोसँग मिल्न पुग्ने हो
बरोजगार फुर्सदहरू ।

●

# कालो वर्षा

मेरो संरचना विरुद्ध
लागेका छौ
मेरो छातीमा ब्ल्याकहोल
फैलिरहेछ
निरन्तर
तिमी मेरा सामु उभिएर
शरीरका प्रत्येक अङ्ग देखाउँदै
मेरो मनमा किन आगो लगाउँदैछौ ?
सहनै नसक्ने प्वाल परेको कोपिला
टपक्क टिपेर छताछुल्ल पार्न
तिमीलाई कति रहर लागेको !
हेर त, सुन्दर प्रकृतिभरि डढेलो लागेको !
झन्झन् फैलिरहेछ तिम्रो मनोवेग
आफू फुलेर अरूलाई अँगालोमा
कस्ने अस्त्र पड्काएर
वायुमण्डलमा फैलिरहेछौ

मेरो छातीभित्र
कहिल्यै नपुरिने ब्ल्याकहोल बनाएर
अब
सल्किएको गन्धे सास सुँगेर
म तिमीसँग कति टाँसिइरहूँ !
तिमीसँग रात बिताउँदा
लागेको गन्धे पानी
पखाल्न आकाशमा चढी मेघसँग
जुद्धा
मेरो शरीरबाट
कति कालो वर्षा हुने हो !
आफैँलाई लाज लाग्छ भन्न
अब मैले तिमीसँग रात बिताउँदा
गर्भभरि टाउका नभएका
हातखुट्टा हराएका
विज्ञान रोइरहेका
अर्धमान्छेको जन्म
तिम्रो काखमा
लट्पटिँदै
फेरि म तिमीसँगको सहयात्रामा
निस्कँदैछु
कति सहन गर्न सक्छौ
आफैँले रोपेको विषाक्त फल खान ?
मेरो तृष्णा मेटाउन ?
कति सहन गर्न सक्छौ
मैले छादेको
कालो वर्षाको आँसु पिउन ?

●

# म किनारामा अवस्थित छु

नदी
पानी बोकेर मसँग ठोक्किँदै
अविरल यात्रामा निस्केको छ
म फड्के पुलसँगै
ढुङ्गा भएर बसेको छु
मान्छे फड्के पुल तरेर
मेरो थाप्लोमा भारी बिसाउँछन्
र दोहोरी गीतको भाखामा नाच्छन्
एकैछिन भए पनि
म चौतारी भएको छु
उसको भारी बोक्ने साथी भएको छु
उसले दिनभरि
बोकेको दुःखसुखका कुरा सुन्ने
एकैछिन भए पनि
उसको पवित्र मित्र भएको छु
दिनभरिको भारी बोकेर उकालो लाग्छन्
मलाई छाडेर
म किनारामा अवस्थित छु

परम्परा बोकेको मान्छे
एक हुल वनभोजको निहुँमा
एक हुल देवता पूजनको निहुँमा
नदीकिनारामा
खसी, बोका, भाले च्यापेर
मेरो थाप्लोमा खुकुरीमा धार लगाउँदै
उत्सव मनाउँछन्

म एकैछिन भए पनि
उनीहरूका लागि रेती भएको छु
मस्तसँग बसेर खाने चौतारी भएको छु
उनीहरूले छाडेर गए पनि
म किनारामा अवस्थित छु

सेतो कपडामा कसेर
सारा सृष्टिको सत्यता बोकेर
मेरो छेउमा सत्य बोलिरहे पनि
आगोका ती लप्काहरू
बाँचेकाहरूका लागि
कति पीडादायक हुँदा रहेछन् भन्ने कुरा
मेरो थाप्लोमा बसेर अश्रुधारा बगाउने
मान्छेहरूका लागि
एकैछिन भए पनि सँगै बसेर
अश्रुधारा बगाउने चौतारी भएको छु
दुःखको साथी भएको छु
म किनारामा अवस्थित छु

नदी पानी बोकेर मसँग ठोक्किँदै
अविरल यात्रामा निस्केको छ
म फड्के पुलसँगै
ढुङ्गा भएर बसेको छु
उत्सव मनाउने र पीडा बोक्नेहरूका लागि
सहयात्री भएको छु
सबैको गुनासो पोख्ने चौतारी भएको छु
म किनारामा अवस्थित छु ।

●

# सडकमा

म हिँड्ने बाटोभरि
माग्ने मान्छे माग्छ
एक जोर आँखा माग्छ
आङमा लुगा / पेटमा खाना माग्छ
त्यति मात्र कहाँ हो र ?
सुन्दर जिन्दगी नै माग्छ ।

●

# आमाका आँखा फूलका आँसुहरू

निःस्वार्थ
कोखबाट
निर्वस्त्र जन्मेका
मेरा नेत्रहरू
समान दृष्टिहरू
कहिल्यै विभाजित हुन खोज्दैनन्
जन्मजात मेरा हत्केलाहरू
परिश्रमका ठेलाहरू
खाटा बस्न पाउँदैनन्
बित्दछन् सधैं मेरा बिहानीहरू
सूर्यका रक्तिम किरण भेट्टाउन
दौडिरहेका पाउहरू
चन्द्रमाको छहारीमुनि
सपना बिसाउँदै मुस्कुराउँछन्
मेरा भविष्यका कर्णधारहरू
समयलाई पक्रन खोज्ने
कालचक्रहरू
एक क्षणका लागि निदायो भने
आयुका एक क्षण निदाउँदछ
पलपल घट्दै जान्छन्
आँखाका दृष्टिहरू
बुढ्यौलीपनाहरू
चउरिएका अनुहारका ज्येष्ठताहरू
परिपक्वता दर्साउँछन्
पाकेका केशहरू
मन पाकेर दर्शन जन्माउँछ

आदर्श भूमिमा जन्मेपछि
मेरा आँखाहरू हेर्दछन्
तराई, पहाड, हिमाल
बनावट
आफ्ना दुई हातहरू
कलात्मक विश्वकर्माका सिर्जनाहरू
कति शान्तिपूर्ण !
अस्तित्व
मेरा समय-समय बितेका
अनुभूतिहरू
पूर्वार्द्धहरू
यसरी नै बित्छन् होला
मेरा उत्तरार्द्धहरू
तर खै मेरो आदर्श ?
बुझेनन् सन्ततिहरूले
मेरा समान निःस्वार्थ नेत्रहरू
काखमा निर्वस्त्र खेलाउँदै
एउटा सिङ्गो संसारमा
देखाउँदै थिए
उज्यालो जन्मेको आकाशमा
खै
कति चाँडो ग्रहण लागेछ
सूर्य र चन्द्रमालाई
अब
स्वार्थ असमानताहरू
सहन गर्न सक्दैनन्
मेरो काखमा
पीडाले छटपटाएका
मेरा नेत्रहरू

देख्न सक्दैन सपना
एउटै धर्ती, एउटै आकाश
चिरिन सक्दैन
मेरो छातीमा
किन
मेरो हातहरूले
पस्केका थालहरू
एक-अर्कामा खोस्न तयार छन्
वर्तमान
कस्तो विडम्बना !
देख्नुपऱ्यो मेरा आँखाहरूले
रात ढलेर बिहान हुन नपाउँदै
दिन ढलेर रात हुन नपाउँदै
सुन्नुपर्छ
अशुभका खबरहरू
दिन होस्, रात होस्
अशुभका खबरहरू सुन्न
पर्खिरहनुपर्दैन समयलाई
त्रसित र स्वार्थी वर्तमानलाई
अझै लोभ छ भविष्यको
खै
एउटै रगत हो
मेरो बग्ने नसाहरूमा
मैले जन्माएका नेत्रहरू
हुर्केका हुन् एउटै काखमा
मेरा कलेजाका टुक्राहरू
अब कसरी महसुस गर्न सक्छन्
मेरा स्पर्शहरू ?
मैले सिर्जना गरेका सपनाहरू

कति सुन्दरताभित्र
मेरा ओठहरू चलाउँदै
बोल्न सिकाएका मेरा रगतहरू
मेरै कपालहरू खौरिएर
टाउकोमा टेक्दै
मलाई खोज्छन्
देखाउन पुरुषार्थहरू
तर खै
मेरा आँखाहरूले
देख्न सकेनन् कसैको पुरुषार्थ
म त स्पष्ट देखिरहेछु
सर्वनाशतर्फ उन्मुख
घमण्डले आफैँलाई निलिरहेको
खहरे खोलाभित्र
सुकिरहेको भविष्य
आफैँभित्रको प्रलय
कहाँ पुगेर
थचक्क बसेर
टाउकोमा हात लगाउने हो
थाहा छैन
मलाई
त्यति बेला बाँकी रहनेछन्
मेरो काखमा
पाहुना लागेका स्मृतिहरू
मेरा आँखा फूलका आँसुहरू ।

●

# मेरो गाउँ

मेरो गाउँ
आफ्नै पहिचान लिएको ठाउँ
किन सुनसान छ
मैले टेकेको नाउँ ?

कुनै बस्ती छैन, कस्तो ठाउँ
किन स्थिर हुन्छ मेरो नाउ ?
किन चल्न सक्दैन मेरो पाउ ?
कसैले बाँधेर राखेको छ कि मेरो नाउ ?

हलचल गर्न सक्दैन मेरो पाउ
कसैले चिथोरिदियो कि मेरो घाउ ?
अँगालोमा कसेर राखेको छ कि मेरो नाउ ?
किन छुट्याएर चलाउन सकिँदैन मेरो पाउ ?

मेरो गाउँ
आफ्नै पहिचान लिएको ठाउँ
किन सुनसान छ
मैले टेकेको नाउ ?

●

# मन जलेको बेला

कोही मोजमस्तीमा
कोही भोको बस्तीमा
यहाँ कसैलाई नबोलाऊ
यति बेला सबैको
मन जलेको बेला

शरीर सिग्रेटको ठुटो जलेझैँ
दनदन आत्मा जलेको बेला
यहाँ नजिस्क्याऊ कसैलाई
भित्रभित्र कुहिएर गन्हाएको
जिउँदो मानिसको लास रोएको बेला

सुनसान छ कतै कोलाज
मृत शरीर भइसक्यो अब
यहाँ मात लागेको बला
सडक हराएर अङ्कमाल खोजेको बेला

कसैलाई नबोलाऊ
मान्छे सिरानीमा धारिलो खुकुरी राखेर
मस्त निदाएको बेला
शरीरभरि तृष्णाका
नदीहरूलाई छेक्न नखोज
मान्छे आफ्नै छायाँदेखि तर्सिएको बेला

यात्रामा बेहाल भई
पाटी-पौवा भत्किएर
सडकमा
बास बस्न नपाएको बेला
आगो भई दन्किएको बेला
मलाई बजाउन नखोज
ताल हराएर रोएको मादल
सारङ्गी बेहाल भएको बेला

म चेतनामा
बिहान जन्माउन
रातलाई छोपी ओथारो बसेको बेला
नसोध / नरोक
म भित्रभित्रै चूरमा
आगो भएर
भिखारी सडकमा
उभिएको बेला
यति बेला मन जलेको बेला ।

●

# धमिरा

सिर्जना गर्दछन्
आफ्ना परिश्रमी हातहरूले
कलात्मक माटाका देवलहरू
उसका लागि राष्ट्र हो
सुरुङमार्ग
उसका लागि राजमार्ग हो
भूमिगत मार्ग हुँदै
सगरमाथा पुग्छन्
स्वतन्त्र छ उसमा
सम्पूर्ण राष्ट्रभित्र निर्माणका हातहरू लिएर
मिलाउँछन् आफ्ना मित्रहरूसँग
परिश्रमी हातहरूले निर्माण गरेका
भाग्यका रेखाहरूलाई
राष्ट्रमा बगाउँदछन् रगतहरू
थाहा छ उसलाई
राष्ट्रभित्र आफू अटाउने गोलार्द्ध छ
गोलार्द्ध विभाजित भयो भने
टुक्रिएर माटोका देवलहरू
भूमिगत हुन्छन्
लडाकु विमान परिचालित हुन्छन्
धमिराहरू
माटाका देवलभित्र सुरक्षित छन्
एक जुट भएर बसेका छन्
प्रतिकार गर्न
यति बेला
मेघले भत्काउने आँट गर्दैन

वर्षातले बगाउने आँट गर्दैन
भूकम्पले चर्काउने आँट गर्दैन
छेपारोले घर कहिल्यै बनाउँदैन
अर्काको घर भत्काउँछन् बाँदरहरूले
कति स्वार्थी छन्
बाँदरहरू
देख्न सक्दैनन् कलात्मक धमिराका बस्तीहरू
कति प्राचीन वर्षहरू बितेका छन्
सिर्जनामा
विश्वकर्मालाई पृथ्वीको संरचनामा

कहिल्यै होडबाजीको खेल खेलेको छैन
सत्ताप्राप्तिका लागि
परिश्रमको नुनिलो पानीमा
आफूलाई विश्वको कालिगढ सम्झेर
गर्दछन् निर्माण एउटै भूमिको
सुन्दर राष्ट्र

शान्त स्वभावमा बाँच्ने-नाच्ने
कसैलाई आक्रमण गर्दैनन्
अरूले आक्रमण गर्छ भने
प्रतिकार गर्न
आफ्नो सुरक्षार्थ
निकाल्दछन् एन्टेनाजस्ता
दियाले च्याउहरू
सिर्जनाका नयाँ अविष्कारहरू ।

●

# शहरको आर्तनाद

उसले देखेर आफूलाई चिनेन
हुलभित्र तगारो मान्छेको
ट्राफिक जाम उसले देखेन
कतै मनका कलिला घाउहरूमा
यी हुलले टेकेर मारेनन् इच्छाहरू ?
शङ्का-उपशङ्का उब्जेका खबरहरू
मेरा कान टालिइसके
अब त यी आर्तनादहरू

खै कसका कुरालाई
सत्य ठानी म उभिऊँ सडकमा ?
सडक पनि उही बुझ पचाएर पल्टिरहेछ
कतै मेरो आत्मालाई देख्यौ कि भनी
मैले सोधिरहेको बेला निदाउँछ ऊ
साक्षीसम्म पनि बस्न सक्दैन
किन डर थियो उसलाई
मेरो विश्वासभित्र अटाउन सकेन
खुला छाती खोलेर
विश्वास रोप्न सकेन
किन छातीमाथि मोटर दौडाएर
आँखाको विश्वास गर्दैनौ
किन त्यहाँ कोही छैन र ?
बरू भनिदेऊ
यो शहरमा
तिमीले मलाई
मेरो आत्मा छोडिएको
त्या आर्तनाद शहरभित्र
अझै बाँचेको कहाँ छ ?
आँट छ भने
खोलिदेऊ तगारो
म सडक पार गरेर
अर्को हुललाई समाउँछु
त्यहाँ मेरो विश्वास आत्मा हराएको
भेटेर रमाउँछु ।

●

## माकुरा

निःसन्देह
आफूमा परेको
जालोभित्रका पासोहरूमा
उम्कन नदिई
झम्टिन पुग्दछ
माकुरा
रेसाहरूमा बाँधेर
पोका पार्दछ र
धेरै दिन लगाएर
उसका अवयव चपाउँदछ

बिस्तारै-बिस्तारै
शिकारहरू
जङ्गलभित्र
ओढार र गुफाहरू
कटेरा र घरहरू
दोबाटो, चौबाटो, घुम्तीहरूमा
पर्दा टाङ्दछ
आफ्ना जालहरू
चाल्दछ
आफ्ना दाउपेचहरू
योग-संयोगका नीतिहरू
हरिया / सुकेका
र भाँचिएका / भत्किएका
नयाँ निर्माणका युगहरू
सम्झौताहरू
कुरा मिलाई लट्ठ पारेर
फकाउँदै
निल्दछ आफ्ना
पासोभित्रका शिकारहरू
ए मित्र !
तपाईं नढाँटी भन्नुहोस् त
यस्तै छैनन् र
हाम्रा नेताहरू
र
हामीलाई बाटो देखाउनेहरू ?

●

# मैले साँचिराखेको धर्ती

तिमी आउँछौ भनेर
मेरा आँखाहरू बिछ्याउँदै
सामु-सामु आफूलाई बढाउँदै आइरहेछु
साँच्चै एउटा रहरलाग्दो
यौवन लिएर
तिमी सामु आइरहेछु
तिमी आउँदा बास बस्ने
जमिन फाट्छ भनेर
मैले साँचिराखेको धर्ती बोकेर
तिम्रा सामु आइरहेछु
मेरा पाइतलामा टेकेर
तिमी हिँड्छौ भनेर
आफूसँगै लिएर आइरहेछु
आउँदा
चिसो जमिनमा नसुत्नू
जमिन फाट्छ धुजाधुजा भएर
त्यो जमिनले धेरै-धेरै
सुताहाहरूलाई खाएको छ
त्यो जमिनमा धेरै-धेरै
बमहरू लुकेका छन्
त्यो जमिनमा
ज्वालामुखी र भूकम्प लुकेको छ
तिमी त्यहाँ नसुत्नू
फेरि यसो आँखा हेर्नू
उँभो-उँधो पनि हेर्नू
ममाथि नसुत्नू

म फाट्छु / तिमी फाट्छौ
हो, त्यो माटोमा सीता पनि जन्मेकी थिइन्
हो, त्यो माटोमा बुद्ध पनि जन्मेका थिए
तर
त्यो माटोमा विश्वास नगर्नू
त्यहाँ धेरै देवताहरू पुरिएका छन्
देवताभित्र माटो पुरिएको छ
र म फेरि भन्दैछु
आकाश थाम्न नसकेको यो छाती
माटो थाम्न नसकेको यो आकाश
त्यसबीचको हो मेरो धर्ती
नटेक्नू
तिम्रो कोमल यौवनहरू लुटिन्छन्
साँच्चै त्यहाँ यौवन लुट्ने
मानिसहरूका
ठूला-ठूला सुरुङहरू छन्
थाहा छ तिमीलाई
त्यस माटोभित्र के छ ?
त्यस सुरुङभित्र यात्रा गर्न नखोज्नू
त्यस माटोभित्र
धेरै मानिसहरूको आत्मा रोइरहेछ
धेरै मानिसहरूका खुट्टा गुमिरहेछन्
हातहरू गुमिरहेछन्
त्यस माटोभित्र अपाङ्गहरू छन्
हिँड्न नखोज्नू
बिधवा-सधवा
निर्दोष छाती
सुमसुम्याउने आत्माहरू छन्
तिनीहरूलाई माया गर्दै

तिमी आउनू
आँखाको ज्योति बाल्दै आउनू
आत्माको दियो जलाउँदै आउनू
तिमी आउनू
मैले साँचिराखेको एक टुक्रा छाती छ
तिमीलाई लुकाइराख्ने बलियो मुटु छ
मैले साँचिराखेको एक टुक्रा धर्ती छ ।

●

# श्रीअन्तु डाँडा – तिमीलाई हेर्छु

सयौँ युगदेखि
सूर्य जन्माउँदै आएको छु
काखमा खेलाउँदै
तिमीलाई हुर्काउँदै आएको छु
कहिल्यै पनि वृद्ध नहुने
सदावहार जीवन तिम्रो
बिहान बच्चा जन्म दिन्छौ
दिनभरि मेरो काँधमा नचाउँछौ
र रातभरि कहाँ लान्छौ ?
म डाँडा उभिएको उभिएकै छु
कसैले एकछिन बस
थकाइ मार

र मीठो-मीठो गफ गर पनि भन्दैन कहिल्यै
मेरै टाउकोमा उल्टै कुल्चिन्छन् बरू
कसैले सोद्धैन मलाई
सन्चो-बिसन्चोको खबर
म सयौँ युगदेखि
सूर्य जन्माउँदै आएको छु
काखमा खेलाउँदै
तिमीलाई हुर्काउँदै आएको छु
दिनभरि खेल्छौ
र रातभरि कहाँ जान्छौ ?
हेर्छु
यी भीर, पाखा, झर्ना
रोएकै देख्छु
जीवनभर
कुँजिएर एकै स्थानमा
उभिएकै छु
आकाशगङ्गा पनि झरेन
ताराहरू पनि चम्केनन्
किन ?
म अन्धकार रातमा भए पनि
तिमीलाई पर्खिबसेकै छु
म सयौँ युगदेखि
सूर्य जन्माउँदै आएको छु
काखमा खेलाउँदै
तिमीलाई हुर्काउँदै आएको छु ।

●

(श्रीअन्तु डाँडा इलामको सूर्योदयस्थल)

# जिजीविषा

आफैँभित्रको अन्तरकलह
उर्लिरहेछ विरोधाभास
खोजिरहेछ गन्तव्य
थाहा छैन
रोक्न नसक्ने अन्तरकलह
अर्थहीन / निष्ठुरी विस्फोटहरू
हत्या गर्छ निर्दोष बालकको
अपहरण गर्छ उसको स्वतन्त्रता
यतिखेर मभित्रको अन्तरात्मा
मभित्र दुख्ने गर्छ
घात-प्रतिघात
देश दुख्ने गर्छ
यति हुँदा पनि
बोल्न सकेन मभित्रको मान्छे
चुपचाप-चुपचाप सहन गर्छ
मभित्रको धर्ती
निस्तब्ध प्रश्नहरू
खडा हुन्छ आफैँमा
मभित्रको जिजीविषा
किन निर्लिप्त छ ?
ऊसँग लड्न किन डराउँछ ?
ऊसँग सामु पर्न किन डराउँछ ?
मभित्रको मान्छे
कतै आफैँमा काँतर त छैन ?

●

# सन्त्रासमा बाँचेको जिन्दगी

मैले हरेकपटक विष पचाएको छु
कतिपटक विश्वास
मबाट आत्महत्या गरेर
सन्त्रासमा जिन्दगी उभ्याएर
अणुबम र परमाणुबमसँगै
फुटबल खेलेको छु
खै
म भस्म हुन सकिनँ
म सखाप हुन सकिनँ
कति बलियो धर्ती
तिखारिएको छ मबाट
युद्धको गन्धमा
भोक गन्धबाट अघाउँदै
युद्धको डाकमा चढेर
ट्याङ्कहरू निदाएका छन्

मेरो छातीमा
युद्धका तोपहरू
सिरानी लगाएर
मस्त निदाएका छन्
पड्केनन् जिन्दगीका तोपहरू
बन्दुकका गोलीहरू पेटभरि बाँधेर
ताकेको छु निशाना
खै
झरेन कुनै शिकार
म हिँडेको छु, बसेको छु
कतै रोकटोक भएन
खस्न आँटेको आकाश थामेर
धर्तीको स्वतन्त्रतामा
म लडेको छु
पवित्र छातीमा
भो, विश्वको विश्वास नगर
म खुकुरीको धारमा उभिएको छु
म बारुद खाएर स्वतन्त्रता जन्माउँछु
खै
तोप, बन्दुक र राइफल
मलाई खान देऊ
मेरो एक छाक पेट
साना नानीहरूलाई खेल्न देऊ
मैले सन्त्रासकै जिन्दगीमा
बाँच्न सिकेको छु
शान्तिकै स्वतन्त्रतामा
नाच्न जानिसकेको छु ।

●

# आकृतिहरू बन्दै बिलाउँदै

मान्छेको खुसी फेरि
फक्रनुपर्छ कोपिलाबाट
खुशीहरू बन्दैछन्
मानव आकृति फूलहरूबाट
खै जीवन फुलेन
मानव आकृतिमा कहिल्यै सन्तोष छैन
आफैँले टेकेको भूमिमा
मस्त निदाउन पाएको छैन
ओर्लन्छु भूमि चिसो छिँडीमा
पाइतलामा काँडा छ
हेरूँ आँखाहरू खोलेर
निस्पट्ट अन्धकार भएको छ
कस्तो विपत्तिमा जन्मिएँ म ?
जता टेक्छु, उतै भस्मासुर छ
उभिनसम्म नसक्ने समय
कामेको कति हेर्नु मैले
एउटा उठ्छ, अर्को उठ्छ
अनि बिलाउँदै आकृतिहरू लड्छन्
म कतिलाई जग दिएर उठाऊँ
विलीन हुँदै जाने समयलाई
कति झोलुङ्गे पुल बनेर तारौँ
यी लड्न लागेका आकृतिलाई
म कति समाएर उभ्याऊँ
लड्न लागिसकेको वृक्षको आकृतिलाई ?

●

# काल

उर्लेको छाल
बिग्रँदो जाल
चाप्लुसीवाला मालामाल
सोझो नजान्नेको आयो काल
देख्नुभयो त हाम्रो मान्छेको चाल ?

●

# जाल

मीठो पाउँदा झार्छ राल
नमीठो पाउँदा मार्छ ताल
कोभन्दा को कम्ती ?
जसले पाउँछ मौका
उसैको पर्छ माछ्राजाल
देख्नुभयो त हाम्रो मान्छेको चाल ?

●

# मन, हिउँ र पानी

सगरमाथा
मौन नबस तिमी
मेरो मन
तिमीमाथिको आरोहणमा
हिउँका ढिस्का-ढिस्काहरूले
थिचिएर कठ्याङ्ग्रिएको छ
सयौँ पाइतालाहरूले कुल्चिएर
अब त मन

म आफैँसँग रिसाएर
नदुख्ने गरी कैद परेको छ
उठ्न नसक्ने गरी
थिचिएका हिउँका ढिस्काहरूमाथि
सूर्यका रापहरूले सेक्दै
अश्रुधारा बगाउँदै
आरोहण सीमित भएको छैन
अझ उचाइ नाप्नमा
तल्लीन यी मनहरू
तिमीले नथिचे पनि हुन्छ
आखिर तिमी पानी हौ
पग्लेर माटोमा मिल्नेछौ
बाफ बनेर उडे पनि
हिउँ भई जमे पनि
जम्नेबित्तिकै ढिस्का भएर भत्किन्छौ
मेरो मनलाई पुर्न खोज्छौ
तिम्रो केही भरोसा छैन
बाफ बनेर बिलाउन पनि सक्छौ
तर मेरो मन
कहिल्यै बिलाउन सक्दैन
अब तिमीले पुरे पनि
मेरो मन दुख्ने छैन
किनकि
मेरो मन
म आफैँसँग रिसाएर
नदुख्ने गरी वर्तमानमा कैद छ ।

●

# मभित्र / मबाहिरका कथाहरू

भूमिगत यी जिन्दगीका भोगाइहरू
कहिले कसैको गुप्त कण्ठभित्र बन्द भएर
निस्सासिएको उन्मुक्तिसँगै
प्रदर्शित हुन खोज्दछ
कहिले आफ्नै आत्माभित्र
व्यथा बोकेका मान्छेहरूका चित्र
सजीवताको बोधगम्य तत्त्व भएर
चित्रण गर्दछ समाजको
लेखिए पनि नलेखिए पनि
इतिहास भइसकेछन् ती अतीतहरू
या स-साना बालकहरूका लागि
गाउँखाने कथा / लोककथा भइसकेछन्
यी चाउरिएका अनुहारहरू
कतिपटक समयको ठक्करमा पाकेर
पल्टिन आँटेको पहाडमुनि
मृत्युको शैयामा पुगेको आकाशको
रगताम्य छातीभित्र भयावह बाँचिरहेको जिन्दगी
कसै गरी एकपटक खस्यो भने
उठ्न नसक्ने इतिहासभित्र
म छटपटाइरहेको हुन्छु
कतै पानीको आवश्यकतामा
बादलु आकाशभित्र
उज्यालो खोजिरहेको हुन्छु
मभित्र बाँचेका जिजीविषाहरूलाई
नचाइरहेको हुन्छु ।

●

# पारदर्शिता

मान्छेको कलुषितताको भावनामा
बादलहरूले ढाकेपछि
अर्काको मनभित्र पसेर
भावना नबुझ्ेसम्म
मान्छेहरू विभक्त गोलार्द्धमा
उभिएर
आफूलाई धारिलो
हतियारको चोटमा बाँचिरहेको हुन्छ
र समय पर्खिरहन्छ
बदला लिन

किन मान्छे
आफ्नो भावनालाई पारदर्शी पार्न
जहिले पनि हारेको महसुसमा
उदाङ्ग आकाशको रङ्ग भर्न तयार हुँदैन ?
तिमीले बिगारेको
मभित्रको गहिरो खाडलमा
दिलहरूलाई स्वच्छ राख्नुको
बदलामा
घामहरूलाई छेकेर बादल बन्दछौ
कारण
तिमी र मबीचको
वैमनस्यतालाई अझ गाढा रङ्गहरूले
निधारहरू पोत्न थाल्दछौ
आपसमा तिमी र मबीचको
अन्तर्द्वन्द्वले फाटेका पर्खालहरूमा
अर्कैले फाइदाका घरहरू बनाउन लाग्दछ
आकाशलाई विभक्त पार्न सक्ने
बादलहरू
तिमी र मबीचमा
पारदर्शिता हुन सकेमा
मात्र
तिम्रो मनमा लागेको कलुषितताको भावना
पखालिएर
पारदर्शक हुन सक्दछ
र तिमी र मबीचको गहिरो
प्रेमको रङ्ग गाढा भएर
छर्लङ्ग आकाशमा समाहित हुन सक्दछ ।

●

# मनको कुवामा

अभिव्यक्तिलाई मान्छेले बाँधेर
मनभित्रको कुवामा राख्यो भने
जहिले पनि कुवाहरू भक्तिएर
आँखाको डिलबाट बग्न सक्छन्

हो, यति बेला समयले
आफूलाई बक्ररेखाहरूमा भाग्य कोरेर
मनको ठूलो कुवामा थुपारेर
अभिव्यक्तिलाई
एउटा कोरा कानूनको किताबभित्र
सोरुममा राखेको छ
सबैले देखेर मेरो मनभित्रका पानाहरू
पल्टाएर पढ्न नसके पनि
किताबको आवरणमा तिम्रा आँखाहरूले
मेरो भत्किन लागेको कुवामा
एकैछिन भए पनि पर्खाल लाग्न सक्छ

समयले मान्छेलाई दास बनाई
जहिले पनि उसका घोडाहरूको
पछि लागेर
आफ्नो छाया समाउन
दौडिरहेको
आजको मान्छेभित्र
थुनिएर रहेको अभिव्यक्ति
मेरा सामु राख्नु, लगभग खुट्टा कमाउनु
आफैँभित्रको दलदले पानी
निकास नपाएको
अभिव्यक्ति
मेरो मनभित्रको कुवामा
मान्छेको दुखेसो पोख्ने
ठाउँलाई
कसैले बाँधेर छोपिदियो भने
कुवाहरू भत्किएर
तिम्रो विचार पनि
बगाएर लान सक्छ
विनाशतर्फको
अभिव्यक्ति

मनको कुवामा
आफूलाई थुनेर जमाइराख्यो
र निकास पाएन भने
फुट्न सक्छन्
अभिव्यक्तिहरू
तिम्रो शरीरका नसानसामा ।

●

# आगो, सेतो पुतली र मान्छे

आगोले कहिल्यै पनि आफ्नो र बिरानो
छुट्याउन जानेको हुँदैन
उसले पायो भने
यो संसारका सबै राम्रा-नराम्रा सिर्जनाहरू
छिनभरमा नै निलेर खाग बनाउन सक्छ

आगो मान्छेभन्दा
सबैसँग मिलेर बस्न सक्छ
आगो अँध्यारोमा सूर्य हुन सक्छ
कसैको न्यानो काख हुन सक्छ
भोकहरूमा खाना हुन सक्छ
हिउँमा जमेको मन पगाल्ने राप हुन सक्छ
मान्छेको अभिन्न मित्र हुन सक्छ
आगोलाई कसैका सिमानाहरूले
बाँध्न सक्दैन

आगोको रूप रिसाउँदा र हाँस्दा
फरक-फरक हुन सक्छ

मान्छेले आफ्नो मनमा आगो बाल्यो भने
आफ्नो घमण्ड
काठका मुढाहरूमा जोतिएर
चिताहरूमा खरानी घसेर
खोलाका नालहरूमा जोतिन पुग्छ

आगो जङ्गलको छेउ
घरबाहिर
रातमा बाल्यो भने
टाढा-टाढाबाट सेता पुतलीहरू
आत्मदाह गर्न निस्कन्छन्
र आत्मदाह गर्दछन्
किन यी सेता पुतलीहरू
आगोको उज्यालो पटक्कै देख्न चाहँदैनन् ?

सेता पुतली आफ्नो सुन्दर शरीर
आफैँलाई घमण्ड देखाउँदै
आगोसँग आफ्नो बुद्धि र विवेक
शक्ति दाँज्न युद्धमा हामफाल्छन्
खै
आगोलाई जितेको
मेरो इतिहास मेटाउन सकेको छैन !

जति मान्छे
र सेता पुतलीहरू
आगोलाई आफ्नो वशमा राख्न खोज्छन्
आगोभन्दा बलियो
आफूलाई ठान्छन्
तर
आगोको इतिहासमा आगोको हार
मैले देखेको छैन ।

●

# एउटा निरक्षर गाउँमा

मेरो दिलमा एउटा यस्तो गाउँ छ
तिमीले सोचेको भन्दा
मेरो निरक्षर नाउँ छ
जहाँ पाहुना लागेको मनलाई
सदा सत्कार गर्ने
निश्छल सानो बासस्थान छ
हो, तिम्रो कपटपूर्ण ठाउँभन्दा
मेरो निरक्षर गाउँ सन्तोषले भरिएको छ

मान्छेले जति जान्यो
त्योभन्दा बढी विनाश गर्न जान्यो
अर्काको सानो भागलाई ठूलै ठान्यो
आफ्नो ठूलो भागलाई सानो ठान्यो
जहिले पनि अर्काको सिमाना खोस्न
अर्काको दिललाई दुखाई
बन्चरोले हान्यो
मान्छेले आफ्नो बुद्धिको विकासलाई
अर्काको काँधमा चढेर क्रोधहरूलाई
कहिल्यै शान्त गर्न जानेन

अक्षरहरूले भरिएको
मान्छेको समाज किन
जहिले पनि अशान्त हुन्छ ?
अक्षरहरूको लडाइँ किन
भयावह र विश्वनाशक हुन्छ ?

अक्षरहरूको महलभित्रको
कुरूप सोचाइभन्दा
यतिखेर
मेरो दिनको निरक्षर गाउँमा
बस्न मलाई सन्तोष छ
मेरो निरक्षर गाउँमा
कसैले कसैलाई शासन गर्नु पनि छैन
कसैले कसैको दिल दुखाई
अर्काको भाग लुट्नु पनि छैन
अरूको पाहुना लागेको मनलाई
उसले जहिले पनि सम्मान गर्छ
सिस्नु र ढिँडो खाए पनि
ऊ जहिले पनि शान्तसँग
निदाउने गर्छ
अक्षरहरूको आयुभन्दा
ऊ बढी नै बाँच्ने गर्छ
मनको खेतीमा उर्वरता भर्ने
मेरो दिलको निरक्षर गाउँमा
यस बेला
बस्न मलाई सन्तोष छ ।

●

# मियो

मान्छेलाई कसैको मन राख्न दियो
र आफ्नो ठानेन भने
उसले काम नलाग्ने गरी उपभोग गर्छ
र फर्काइदिन्छ
उसले फर्काएको मन आफैँले चिनिदैन
उसले सोच्न थाल्दछ
मियो भाँचिएको देशमा
यस्तै हुन्छ

कुनै सिमानामा आफ्ना मनहरूलाई
बाँधेर राख्ने मियो भएन भने
बौलाहाहरूको बस्तीभित्र
अर्काको मनलाई
चुट्नुसम्म चुट्छ
र अनुहार देखाउन लाज लागेर
लुकेर बस्छ
आफ्नै अनुहार कुच्याउन थाल्दछ
रानोविनाको माहुरीले आत्महत्या गरेझैँ
मियो भाँचिएको देशमा
यस्तै हुन्छ

मान्छेका मनहरूलाई बाधेर राखेन भने
बेथिति अर्काको आँखाको पोखरीमा
आहाल बस्न थाल्दछन् भैँसीहरू
अर्काको शरीरमा मडारिएर
पर्खालहरू भत्काउन थाल्दछ
र अर्काको मनलाई बेवास्ता चुस्न थाल्दछ
मियो भाँचिएको देशमा
यस्तै हुन्छ

मान्छेले जब आफ्नो जस्तै अरूको मनलाई
सम्मान नगरेर मियो भाँच्न खोज्दछ
त्यहाँ आफ्नो मन पनि कैद भएर
सिमानाहरूले ठाउँ छाड्दछ
र अलपत्र पर्दछ बेथिति नीतिहरू
मियो भाँचिएको देशमा
यस्तै हुन्छ ।

●

# विचार विचारहरूका बीचमा

मान्छे आफैँमा
जन्मिएको
विचारहरूमा कुँजिएर बस्न
कहिल्यै मन पराउँदैन
नयाँ सिर्जनामा जहिले पनि
आफूलाई अरूका विचारहरूमा
द्वन्द्व-प्रतिद्वन्द्वमा दाँजिरहन्छ
र आफ्ना विचारहरूलाई
कसी लगाइरहन्छ

हो, समयमा
आफ्नो उचाइको शिखरमाथि
आफ्ना विचारहरूलाई
आकाशगङ्गाभरि फिँजाएर
आफू एउटा सिङ्गो
पृथ्वीको फूल भएर
फुल्न जहिले पनि अरूको विचारमा
आक्रमण गर्दछ
र अरूको विचारमा द्वन्द्व फैलाइरहन्छ
तिम्रो र मेरो बीचमा फाटो ल्याइरहन्छ
यो घरघर चहारेर नाच्ने

विचारलाई तिमीले
संसारको दैलोमा ठूलै बाढीहरूका बीचमा
आफूलाई उभ्याएर लोग्ने र स्वास्नीको
नाता तोड्ने अभिनयको संरचना
किन गरिरहेछौ ?
विचार-विचारहरूको द्वन्द्व हुनुको मजा अर्कै हो
विचारबाटै तिमीले सिर्जनाको खोजी गर्नु
अर्कै कुरा हो
समयको अनुपस्थितिमा विचारलाई
तिमीले मेरो मनको हत्या
किन गरिरहेछौ ?

एउटै विचार तिमी र ममा नहुनु
पृथ्वीको संरचनाको दोष हुन सक्छ
जन्मँदा मान्छेले ल्याएको
सिर्जना हुन सक्छ
विचार मनको अनुपम स्थल हो
फूल फुल्ने समुद्रको मन्थन स्थल हो
तिम्रो र मेरो मन मिल्यो भने
एउटा यस्तो पृथ्वीको सिर्जना
हुन सक्छ जहाँ
विचार-विचारको मात्रै युद्ध हुन्छ
नयाँ सिर्जनाका लागि युद्ध हुन्छ
मेरो घरभित्रको कलहमा
र घर-आँगनको कलहमा
मेरा विचारहरूको कहिल्यै हत्या हुँदैन
बरू नयाँ विचारहरूको आविष्कार हुन्छ ।

●

# आवाज र चराहरू

भूगोलका सीमाहरूले
बाँध्न कहिल्यै पनि सकेन
आवाज र चराहरूलाई
आफ्नो खुशीमा
संसार परिक्रमा गर्न
उनीहरूले
कसैको अनुमति लिइरहनुपर्दैन
मन लागेको ठाउँमा
आफ्नो राज्य जमाउँछन्

घुम्दै राज्य जमाउन आइपुगेका
मेरा बस्तीहरूमा
आवाजले चराहरूलाई
यति बेला खेद्ने गरेको छ
दिन, रात जति बेला पनि
विस्थापित जिन्दगी भोग्नुपरिरहेछ
आफ्नो बस्ती छोडेर
अर्काको बस्तीमा बस्नुपर्दा
यति बेला
मेरो पखेटाहरू
कुँजिएका छन् मेरा दिलभरि
आँगोले पोलेको छ
मेरो छातीभरि मन
उड्ने रहर हुँदाहुँदै पनि
आफूलाई आफैँले हराएको
आकाशको खोजीमा
दिनहरू रातसँग साट्न
मेरो शरीर पछि हटिरहेछ
जङ्गलभरि
ठूला-ठूला आवाजहरूले
मेरो रात निद्राबाट छट्पटिएर
उज्यालो नहुँदै घरबाट
आफ्ना पखेटा फिँजाई
उड्दा भीरपाखामा ठोकिएर
दिल क्षतविक्षत भइरहेछ
यो कस्तो आवाज हो ?
जङ्गलमा, शहरमा मेरा लागि
बनेको प्राकृतिक हरियाली नष्ट भएर
यी आवाजहरूले

मलाई खेदिरहेछन्
उड्न नसक्ने मेरो छातीमा
स्पर्श खोजिरहेका
बचेराहरू छोडेर
म कति दिन बाँचौं ?
फर्किएर आँखाबाट टाढिएका
मेरा छाप्राहरू, खुशीहरू
हराइरहेछन्
तिमीले
मेरो हराएका सन्तानहरू
कतै देख्यौ कि ?
मेरा खसेका पखेटाहरू
कसैले समाएर लुकाएको देख्यौ कि ?
मेरो खोसिएको दिल लुकाएको
तिमीले कतै देख्यौ कि ?
मेरा लागि नभए पनि
मेरो भविष्यका कर्णधारहरूका लागि
ए आवाज !
मेरो मलाई मेरो मनभरिको आकाशका
उड्ने जङ्गल र शहर फिर्ता गर
थकित भएका पखेटाहरू रातमा
बन्द गरेर शान्तसँग रात बिताउने
मेरो प्यारो सानो गाउँ फिर्ता गर
ए आवाज !
मेरो हरियाली फिर्ता गर ।

●

# पहाडमा ओझेल परेपछि

घामले आफ्नो बिस्कुन
उठाएर
विनाज्याला आफ्नो घर
फर्केपछि
पहाडहरूमा ओझेल पर्न थाल्दछ
र त्यति बेला
पहाड पहाडजस्तै हुँदैन
ऊ आफूलाई असुरक्षाको महसुसमा
सधैँ जाग्राम बस्ने गर्दछ

युद्धका शिकारीहरूको चेपारोमा
स्वार्थ बोकेको युगको आवाजमा
पहाड आफूलाई
आफ्नो अस्तित्व जोगाउन
सधैँ चनाखो भएर रातभर
उभिएर
एउटा आधार शिविरमा
रात बिताउने गर्दछ
कस्ता-कस्ता समयहरू भोगिसकेको
शान्तिको दियो आफूलाई
आफ्नो पुर्खाको इतिहास हो
सुनाउन पनि लाज लागिरहेछ
यसैले
पहाड आजकाल सेता फेटाहरूमा
कैयौँ दिनको यात्रा तय गरेर
टाउकोमा बाँधिएर
घामको खोजीमा निस्किएको छ
उसका शिविरहरू थाम्न सक्ने
अभयदान गर्न सक्ने
मान्छेको खोजीमा निस्केको छ
पहाडमा ओझेल परेपछिको
रात भयावह हुनबाट
रोक्न सक्ने
नेतृत्वको खोजीमा निस्केको छ ।

●

# बालुवाको देशमा

मान्छेले टेकेको
धर्ती
कसैको सिर्जना होइन
मान्छेले ओडेको
आकाश
कसैको पेवा होइन
यो साझा सिर्जनाको
खेलमैदानमा
युगहरूले आफूलाई
खेल्दै छाडेका चिनोहरू हुन्
मान्छेले किन यसरी
आफ्नो पेवा ठानेर

जहिले पनि
खोलिएको अण्डामा ओथारो बसेर
कब्जियत बोकेको
वर्तमानलाई
बालुवाको देशभित्र
सपनालाई सजाउने गर्दछ ?
र जिउने क्रममा
जहिले पनि यात्रालाई बिर्सिएर
भोगिरहेको
समयको
महलहरूमा आकाङ्क्षाका कुर्सीहरू
छोड्न तयार हुँदैन ?
मान्छेको नियति नै भइसकेको छ
आफूले जोडेको आकाश
आफूले छोएको तातो किरण
अरूलाई भोग गर्नेबाट
जहिले पनि बन्देज लगाउँछ
र छहारी लगाउँछ
यो कस्तो कलियुग हो ?
बालुवाको देशमा
आफूले सजाएको
बालुवाको घरभित्रको सपना
आँखाका नदीहरूले बगाएर
कचेराहरू निष्प्राण किनाराहरूमा
पल्टिरहेछन्
नदी र समुद्रमा ।

●

# भूतहरूको बस्तीमा

उज्यालो पटक्कै मन पर्दैन
शरीर देखाएर भिख माग्नेहरूलाई
अँध्यारोमा
आफ्नो अस्थिपञ्जर देखाउँदै
मानिसहरूसँग उसको हराएका
मांसपेशीहरू सोस्न दाउपेचहरू
फैलाइरहन्छन्
र उसको खोसिएको रातका सिमानाहरू
फिर्ता गराउन
उज्यालो कहिल्यै नहोस् भनी
प्रार्थना गरिरहन्छ उसको भगवान्सँग

उसलाई आफ्नो शरीर देखेर
रातमा पटक्कै निद्रा लाग्दैन
ऊ जहिले पनि झस्कने गर्छ
उज्यालोमा
र आफूलाई खोज्ने गर्छ
आफू हराएको अस्तित्व
जहिले पनि मान्छेसँगै माग्ने गर्छ
मान्छे उसको मांसपेशी दिन
आफू हारेको महसुस गर्छ
र रातमा बत्ती बालेर
घरहरूमा सुरक्षित छु भनी
घमण्डको पर्खालले आफूलाई बेरिरहेको हुन्छ

मान्छे त्यसैले होला
अँध्यारोमा लाटोकोसेरोले मागेको
चारो दिन घरबाहिर निस्कन पनि
सधैँ-सधैँ डराइरहेको हुन्छ
रातमा मस्त निदाएर
आफूलाई बिर्सिरहेको हुन्छ
र आफ्नो भगवान्सँग सधैँ
उज्यालो मागिरहेको हुन्छ

कति फरक छ
मान्छे र भूतको जीवनचर्यामा !
उज्यालोमा भूतहरूले
आफ्नो शरीर एक कुनामा थन्क्याएर
मान्छेहरूले आफूलाई खरानी बनाएको
दृश्यहरू हेरिरहेको हुन्छ
र आफ्नो जिउँदो तस्बिरमा
फूलमालाहरूमा सजिएर
हाँसिरहेको हुन्छ
र एकैछिनमा मान्छे
आफूलाई देखेर छुनसम्म पनि डराउँछ
कस्तो माया हो यो ?
मान्छेसँग सधैँ मायाको परिभाषा
मागिरहेको हुन्छ
आफ्नो गुमेको मांसपेशी र माया माग्न
रातमा
मान्छेको पिछा गरिरहेको हुन्छ
भूत आफ्नो बस्तीमा ।

●

# यस्तो मोडमा

भौतिक संरचनाको
असमान धरातलमा
उभिएर
तिमीले ममाथि प्रहार गरेको
तीतो सत्यले
जहिले पनि मलाई सधैँ
तातो पानीले पिल्साएको
आलो घाउले पोलिरहन्छ
र म सधैँ तिम्रो त्यो शब्दबाट
लड्ने गर्छु

समयको यस्तो मोडमा
तिमी मलाई ल्याएर
किन बयान गराउँछौ ?

मान्छेको सोचाइ आफैँ मात्र
उचाइको शिखर
पुग्न सक्ने एउटा घमण्डभित्र
अरूको मनलाई सधैँ कुल्चने गर्छ
र आफूलाई जहिले पनि
सर्वोपरि ठान्छ
त्यसैले होला
तिम्रो र मेरो बीचको त्यो
असमान दूरीको
यस्तो मोडमा
तिमी र मेरो
गर्धन ताकाताक हुन्छ
जहाँबाट
न म पछाडि फर्कन सक्छु
न तिमी फर्कन सक्छौ
न हामीबीच सम्झौता हुन सक्छ
यस्तो परिस्थितिमा
हामी किन आइपुग्यौँ ?

हो, सत्य जहिले पनि तीतो हुन्छ
सत्यवादी जहिले पनि सोझो हुन्छ
आफूले देखेको असमान खाडलमा
तिमीले तिम्रो आफूभित्रको दिलको
सुन्दर देशलाई किन जहिले पनि
जुवाको खालमा दाउमा लगाउँछौ ?

र आफ्नो दिल अरूको काखमा
सुम्पन खोज्छौ ?

मकैका गेडा गन्दै
रात र दिन अभिशाप बाँचेको
तिम्रो त्यो दिनचर्यालाई घरमा आएर
आफ्नो रिस आफ्ना सन्तानमाथि पोख्छौ
यस्तो मोडमा
तिम्रो र मेरो व्यस्त सडकको
जेब्राक्रसमा जम्काभेट हुँदा
कसरी तिम्रो र मेरो सम्झौता हुन्छ ?

तिमीले बनाएको असमान संरचनाको
धरातललाई
तिमीले आत्मा साक्षी राखी
आफ्नो बयान धर्तीका सामु
जबसम्म सुम्पिँदैनौ
र मान्छे मान्छे हुनुको सत्यता
स्वीकार गर्दैनौ
यदि भने
यस्तो मोडमा
मैले पनि तिमीमाथि
आफ्नो सुरक्षार्थ तैनाथ
इन्द्रियका तोपहरू
बर्साउनु नै पर्ने हुन्छ
र यस्तो बेलाको युद्धमा
सत्यको विजय हुन्छ ।

●